# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड५६) काठमाडौं, भदौ ११ गते२०६३साल(अतिरिक्ताङ्क३१(घ)

## भाग ४

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको

### सूचना १

माननीय उप-प्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री के. पी. शर्मा ओलीको नेतृत्वमा मित्रराष्ट्र चीनको औपचारिक भ्रमणमा गएको नेपाली प्रतिनिधि मण्डलमा माननीय वातावरण, विज्ञान तथा प्रविधि राज्यमन्त्री श्री मानबहादुर विश्वकर्मा सदस्यको रुपमा समावेश भई उहाँका साथ मिति २०६३ साल भाद्र १० गते चीनतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय महिला, बालबालिका तथा समाज कल्याण राज्यमन्त्री श्री उर्मिला अर्यालले सम्हालने गरी तोक्नु भएको छ ।

### सूचना २

माननीय श्रम तथा यातायात व्यवस्था राज्यमन्त्री श्री रमेश लेखक मिति २०६३ साल भाद्र १० गते दक्षिण कोरियाको बुलानमा मिति २०६३।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५।१३ देखि हुने अन्तर्राष्ट्रिय श्रम सङ्गठनको १४ औं एशिया क्षेत्रीय बैठकमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको श्रम तथा यातायात व्यवस्था मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय सामान्य प्रशासन राज्यमन्त्री श्री धर्मनाथप्रसाद शाहले सम्हाल्ने गरी तोक्नु भएको छ ।

आज्ञाले,
डा. भोजराज घिमिरे
मुख्य सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।-
गो.हु.द.नं. १६।२०६२।६३

४९२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।